गण्डकी प्रदेश सरकार

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

पोखरा, नेपाल

मानननीय मन्त्रीज्यूको
निजी सचिवालय
दिपेन्द्र बहादुर थापा

पत्र संख्याः
चलानी नं.:

## सामुदायिक वन दिवस- २०८० को शुभकामना

नेपालको वन व्यवस्थापनमा समुदायको सहभागिताको अवधारणा २०३० को दशकको मध्यबाट शुरु भएतापनि २०५० को दशकको शुरुवाट समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रमले गति लिदै आएको हो ।वन ऐन २०४९ र वन नियमवाली २०५१ ले सामुदायिक वनलाई कानुनी पहिचान दिलाए सगै देशब्यापी रुपमा यस कार्यक्रमले व्यापकता र निरन्तरता पाईरहेको छ ।

नेपालमा पाँच दशकको अनुभव प्राप्त गरेको सामुदायिक वन अभियानमा हाल करिव बाईस हजार सातसय भन्दा बढी वन उपभोक्ता समूहहरुले झण्डै २४ लाख ९० हजार हेक्टर भन्दा बढी वनक्षेत्र व्यवस्थापन गर्दै आइरहेका छन् । नेपालको वन क्षेत्रको कार्यक्रम मध्ये सामुदायिक वन विकास कार्यक्रम अग्रणी कार्यक्रमको रुपमा स्थापित भैसकेको छ । यस कार्यक्रमको माध्यमबाट वनको स्थापना, संरक्षण, विकास, व्यवस्थापन, उपयोग र वन पैदावार बिक्री वितरणवाट ३३ लाख भन्दा बढी घरपरिवार लाभान्वित भइरहेका छन् । नेपालमा समुदायमा आधारित वन उपभोक्ता समूहहरुद्वारा वनको विकास, संरक्षण, उपयोग र व्यवस्थापनको माध्यमबाट वन्यजन्तु, वातावरण, जलाधार एवम् जैविक विविधताको संरक्षण, संवर्धन तथा सदुपयोग गरी राष्ट्रिय समृद्धि प्राप्त गर्न योगदान गरिरहेका छन् ।

प्रत्येक वर्ष श्रावण २५ का दिन सामुदायिक वन राष्ट्रिय दिवसको रुपमा मनाउने गरिन्छ । यस वर्ष पनि नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले *"उत्पादन, रोजगारी र समृद्धिका लागि सामुदायिक वन व्यवस्थापन"* भन्ने नारा तय गरी विभिन्न कार्यक्रमहरु गर्दै सामुदायिक वन राष्ट्रिय दिवस भव्यताका साथ मनाईदै छ ।

सामुदायिक वन नेपालको मुख्य वन व्यवस्थापन पद्धति भएझै गण्डकी प्रदेशको वन व्यवस्थापनमा पनि सामुदायिक वन उपभोक्ता समूहहरुको भूमिका उल्लेखनीय छ । गण्डकी प्रदेशको कूल वनक्षेत्रको झण्डै एक तिहाई वनक्षेत्र सामुदायिक वन मार्फत व्यवस्थापन भइरहेको छ । सामुदायिक सहभागितामा गरिएको वन व्यवस्थापनले स्थानीय समुदायको जिविकोपार्जन सुधार गर्न, हरियाली प्रवर्धन गर्न, जैविक विविधता संरक्षण गरी पारिस्थितिकीय प्रणाली सन्तुलन गर्न, जलवायु परिवर्तनको असर न्यूनीकरण तथा अनूकुलन गर्न र भू तथा जलाधार संरक्षण गर्न अतुलनीय सहयोग गरिरहेको छ । यस कार्यक्रमले सामुदायिक विकास, प्राकृतिक एवं साँस्कृतिक सम्पदा संरक्षण, नेतृत्व विकास, समाजमा श्रोत तथा लाभ माथिको पहुँच र अधिकारबाट बन्चितिकरणमा परेका वर्गको निर्णय प्रकृयामा पहुँच बढाई लैङ्गिक तथा सामाजिक समावेशीकरण प्रवर्धनमा मद्दत गरेको छ । सामुदायिक वन कार्यक्रमले उल्लेखित उपलब्धी र

मन्त्री

गण्डकी प्रदेश सरकार

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

पोखरा, नेपाल

माननीय मन्त्रीज्यूको
निजी सचिवालय
दिपेन्द्र बहादुर थापा

पत्र संख्याः
चलानी नं.:

सफलता हासिल गर्ने अवस्थासम्म पुग्न सम्भव भएकोमा यसका लागि सामुहिक प्रयास गर्नुहुने सबैमा हार्दिक सम्मान ब्यक्त गर्दछौ । यस कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष योगदान गर्नुहुने वन उपभोक्ता समूह, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरु साथै सम्वद्ध सवै सरोकारलावालाहरुमा धन्यवाद सहित हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु ।

विगतका सिकाइ, अनुभव र सफलताको आधारमा सामुदायिक वन व्यवस्थापनबाट बदलिंदो सामाजिक-आर्थिक अवस्था अनुरुपको समुदायको आवश्यकता पुरा गरी, साँस्कृतिक सम्पदा संरक्षण, लक्ष्य अनुरुपको उत्पादनमुखी वन व्यवस्थापन र उध्यमशीलताको विकास गरी रोजगारी तथा आर्थिक अवसरहरुको सिर्जना र राष्ट्रिय समृद्धिमा योगदान पुर्याउने सुनौलो अवसर हामी सामु रहेको छ । सामुदायिक वन व्यवस्थापन कार्यक्रमको निर्णय तथा लाभको बाँडफाँड प्रकृयामा लैगिक तथा सामाजिक समावेशीकरणको सिद्धान्त अनुरुप सुशासन कायम गर्ने, समुदायमा आधारित वन व्यवस्थापन पद्धतिहरुलाई बढीभन्दा बढी उत्पादन रोजगारी र वातावरणमुखी व्यवस्थापनका माध्यमवाट आर्थिक-सामाजिक-पर्यावरणीय दृष्टिले सवल बनाई वन श्रोतवाट प्राप्त हुने वस्तु तथा सेवाको उच्च वृद्धि गर्दै दिगो विकासको लक्ष्य हासिल गर्न, जलवायू परिवर्तन न्यूनीकरण र अनुकुलन गर्न, जैविक विविधता संरक्षण तथा वातावरणीय सन्तुलन कायम गरी समृद्धि प्राप्त गर्ने दिशामा सम्वद्ध सवै सरोकारवालाहरुको आगामी दिनमा पनि निरन्तर सहयोग, समन्वय र सहकार्य हुने अपेक्षा सहीत सामुदायिक वन राष्ट्रिय दिवसको उपलक्ष्यमा हार्दिक शुभकामना ब्यक्त गर्दछु ।

..............................

माननीय दिपेन्द्र बहादुर थापा
मन्त्री

मितिः २०८०।०४।२५